UNITED NATIONS
OFFICE OF THE HIGH COMMISSIONER
FOR HUMAN RIGHTS IN NEPAL

साउन २०, २०६७

# रिचर्ड बेनेटद्वारा प्रधानमन्त्रीसँग बिदाइ भेट तथा मानवअधिकारबारे विचारविमर्श

काठमाडौं, २०६७ साउन २०

नेपालमा आफ्नो कार्यकाल पूरा गरी प्रस्थान गर्न लाग्नुभएका संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका प्रमुख रिचर्ड बेनेटले आज प्रधानमन्त्री माधवकुमार नेपालसँग बिदाई भेट गर्नुभयो। उहाँका साथ उपप्रमुख ज्योति साङ्घेरा पनि हुनुहुन्थ्यो।

रिचर्ड बेनेटले शान्ति प्रक्रिया र मानवअधिकारको स्थितिबीचको सम्बन्धबारे चर्चा गर्नुभयो। उहाँले लैङ्गिक हिंसाविरुद्ध लड्न प्रधानमन्त्री र उहाँको कार्यालयले गरेको प्रयास तथा महिला, दलित, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू, यौन तथा धार्मिक अल्पसङ्ख्यकलगायतका सीमान्तीकृत समुदायहरूको प्रतिनिधित्व रहेको डर्बान समीक्षा सम्मेलनको अनुगमन समितिप्रतिको प्रधानमन्त्रीको ग्रहणशीलताको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, “कुनै पनि समाजमा त्यहाँको सर्वाधिक सीमान्तीकृत समुदायहरूप्रति गरिएको व्यवहार त्यो समाजको मापक हो।"

साथै, बेनेटले नेपालमा जवाफदेहीता र दण्डहीनताका मुद्दाहरूमाथि रहेको प्रगतिको अभावबारे पनि चिन्ता व्यक्त गर्नुभयो। उहाँले एनेकपा (माओवादी) दल र राज्य दुवै संलग्न भएका प्रतीकात्मक मुद्दाहरूमा अगाडि बढ्न तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार सङ्क्रमणकालीन न्याय संयन्त्रहरू स्थापना गर्न दृढतापूर्ण प्रयास गर्न प्रोत्साहन गर्नुभयो। प्रधानमन्त्रीले यी सरोकारहरूलाई स्वीकार गर्दै नेपालमा उच्चायुक्तको कार्यालयको भूमिकाको प्रशंसा तथा सराहना गर्नुभयो।

भेटका क्रममा बेनेटले उच्चायुक्तको कार्यालयका फिल्ड कार्यालयहरू बन्द गर्ने समयरेखा तथा काठमाडौंबाट उच्चायुक्तको कार्यालयका कार्यक्रमहरू जारी राख्ने योजनाबारे प्रधानमन्त्रीलाई जानकारी दिनुभयो।

नेपालबाट जान लाग्नुभएका प्रमुखले आफू प्रस्थान गरिसकेपछि नयाँ प्रमुख नआउँदासम्म ज्योति साङ्घेराले उच्चायुक्तको कार्यालय-नेपालको कार्यवाहक प्रमुखको पद ग्रहण गर्ने जानकारी पनि प्रधानमन्त्रीलाई दिनुभयो।

*For further information contact Chun Gurung, tel: 4280164, ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org*
http://nepal.ohchr.org/